# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ६१ र ६२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असोज १ गते बुधबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री दिलेन्द्र प्रसाद बडूलाई समय दिनुहुँदा उहाँले नेपालगञ्जमा नेपाली काँग्रेसको राष्ट्रिय जागरण कार्यक्रममा भएको घटनाका सम्बन्धमा दिइएको किटानी जाहेरी दर्ता भैसकेको भएतापनि हालसम्म सो घटनामा संलग्न दोषीहरुलाई पक्राउ नगरीएको र कुनै प्रकारको कानुनी कारवाही अगाडि नबढाइएको भन्नुहुँदै सरकारबाट उक्त घटनाका दोषीहरुलाई कारवाही गर्ने प्रतिवद्धता नआएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले नेपालगञ्ज घटनाका सम्बन्धमा प्रतिपक्षका नेता र सम्माननीय प्रधानमन्त्रीबीच छलफल भएको र सो घटनामा छानविन गरी संलग्न दोषी उपर कारवाही हुने कुरामा सरकार प्रतिवद्ध रहेको छ भन्नुभयो ।

तत्पश्चात मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादवले डेंगु रोगको प्रभाव र सरकारबाट यसको रोकथामका लागि भएको प्रयासका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादवले स्पष्ट पार्नुभयो ।

१. मा० श्री देवेन्द्रराज कंडेल
२. मा० श्री सुजाता परियार
३. मा० श्री खगराज अधिकारी
४. मा० श्री रामबहादुर विष्ट
५. मा० श्री दिलेन्द्रप्रसाद बडू
६. मा० श्री अमनलाल मोदी
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० श्री देवप्रसाद तिमलसेना
११. मा० श्री मिना सुब्बा
१२. मा० श्री जीवनराम श्रेष्ठ
१३. मा० श्री बिरोध खतिवडा
१४. मा० श्री कृष्णगोपाल श्रेष्ठ
१५. मा० श्री राजेन्द्र कुमार के.सी.
१६. मा० श्री नविना लामा

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएका "वातावरण संरक्षण विधेयक, २०७५", "वन विधेयक, २०७५", "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५", "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" र "राहदानी विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देशहरु टेबुल गर्नुभयो ।

तत्पश्चात उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री विमलप्रसाद श्रीवास्तवले "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "लोक सेवा आयोग विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री दिलेन्द्रप्रसाद बडूले भाग लिनुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले “प्रहरी समायोजन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री दिलेन्द्र प्रसाद बडूले भाग लिनुभयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “प्रहरी समायोजन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक आजै १ घण्टापछि बस्नेगरी दिनको २:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले “वातावरण संरक्षण विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले “वातावरण संरक्षण विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले “वन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री राजेन्द्र कुमार के.सी.ले भाग लिनुभयो ।

त्यसपछि मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “वन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल असोज २ गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव